# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, वैशाख १५ गते २०४९ साल (संख्या ३


## भाग ३

श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

### वी. पी. कोइराला मेमोरियल प्लेनेटेरियम तथा अब्जरभेटरी विकास समिति (गठन) आदेश, २०४८

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "वी.पी. कोइराला मेमोरियल प्लेनेटेरियम तथा अब्जरभेटरी विकास समिति (गठन) आदेश, २०४८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित वी. पी. कोइराला मेमोरियल प्लेनेटेरियम तथा अब्जरभेटरी विकास समिति सम्झनुपर्छ।

(ख) "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत वी.पी. कोइराला मेमोरियल प्लेनेटेरियम तथा अब्जरभेटरी विकास परियोजना सम्झनुपर्छ।

(ग) "प्लेनेटेरियम" भन्नाले वैज्ञानिक उपकरण तथा यन्त्रहरूद्वारा कृत्रिम रूपमा ग्रह तथा नक्षेत्रहरू सहितको व्योम मण्डलको सृजना गर्न बनाइएको विशेष किसिमको भवन सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "अब्जरभेटरी" भन्नाले खगोल शास्त्रीय (Astronomical) वेधशाला सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. समितिको गठनः (१) बी.पी. कोइराला मेमोरियल प्लेनेटेरियम तथा अब्जरभेटरी विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:—

(क) श्री ५ को सरकारबाट मनोनीत व्यक्ति — अध्यक्ष

(ख) विभागीय प्रमुख, भौतिक शास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय — सदस्य

(ग) प्रतिनिधि, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान — सदस्य

(घ) प्रतिनिधि, शिक्षा तथा संस्कृति मन्त्रालय — सदस्य

(ङ) श्री ५ को सरकारबाट चन्दादाताहरू मध्येबाट मनोनीत तीन जना व्यक्ति — सदस्य

(च) श्री ५ को सरकारबाट मनोनीत व्यक्ति — सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

(४) समितिले आवश्यक देखेमा अन्य कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) पदेन सदस्य बाहेक अन्य सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) नेपाल अधिराज्यमा प्लेनेटेरियम तथा अब्जरभेटरीको निर्माण गरी त्यसको संचालन तथा विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरू गर्नेछः—



१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) परियोजनाको रूपाङ्कन (डिजाईन) र लगत तयार गर्ने,

(ख) स्वीकृत परियोजनाको निर्माण कार्य संचालन गर्ने,

(ग) परियोजनाको निर्माण संचालन वा कार्यान्वियनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने,

(घ) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्ने,

(ङ) परियोजनाको कार्यान्वियनको लागि अन्य आवश्यक कार्यहरू गर्ने,

(च) प्लेनेटेरियम तथा अब्जरभेटरीको निर्माण कार्य सम्पन्न भै सकेपछि त्यसको संचालनको उचित प्रवन्ध गर्ने,

(छ) प्लेनेटेरियम तथा अब्जरभेटरीमा प्रवेशको लागि श्री ५ को सरकारबाट स्वीकृति लिई प्रवेश शुल्क लगाउने,

(ज) प्लेनेटेरियम तथा अब्जरभेटरीको मर्मत संभार तथा विकास गर्ने,

(झ) ब्रम्हाण्ड तथा खगोल शास्त्र सम्बन्धी अनुसन्धान तथा तालीमको प्रवन्ध गर्ने,

(ञ) प्लेनेटेरियम तथा अब्जरभेटरी सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक कम्तिमा वर्षको दुई पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षको स्वीकृति लिई सदस्य-सचिवले बोलाउनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकको लागि कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) समितिको बैठकमा छलफल हुने विषयको सूची समितिका प्रत्येक सदस्य कहाँ बैठक हुनु भन्दा चौबीस घण्टा अगावै पुगिसक्नु पर्नेछ ।

(७) समितिको निर्णय वा आदेश सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफैंले निर्धारण गर्नेछ ।

६. समितिको कोषः (१) समितिको एउटा कोष रहनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) चन्दा तथा दान दातव्यबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्रदान गरिएको रकम र

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) समितिको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) समितिको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

७. लेखा र लेखापरीक्षणः (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै वखत पनि समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजनः समितिले आवश्यकता अनुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा उप-समिति वा समितिको अधिकृत तहको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ

९. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा तथा संस्कृति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१०. नियमहरू बनाउन सक्नेः समितिले आफ्नो कार्य संचालन गर्नको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाएको नियमहरूमा श्री ५ को सरकार-बाट स्वीकृति भएपछि लागू हुनेछ ।

११. समितिको कार्यालयः समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

आज्ञाले,
ईश्वरप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले घर जग्गा बहाल कर ऐन, २०२३ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी साझा संघ संस्थाहरूको स्वामित्वमा रहेको घर जग्गा बहालबाट हुने बहाल आयमा लाग्ने घर जग्गा बहाल कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उपसचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ८ क. बमोजिम पुन: नाप जाँच भएका जनकपुर नगरपालिकाको वडा नं. २,३,५,६,१०, ११,६,१ र ७ मा साविक नापीबाट कायम रहेको दर्ता श्रेस्ता मिति २०४८ साल फाल्गुण १ गतेदेखि निष्क्रिय हुने गरी तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
सूर्यनाथ सुबेदी
श्री ५ को सरकारको सचिव

१०२

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री तेजप्रसाद उपाध्याय खानेपानी आयोजनाको लागि ठेकेदारको छनौट र सम्झौता गर्ने कार्यका लागि जापान तर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्रीमती सरस्वती श्रेष्ठलाई मिति २०४८।१२।२३ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

रजनीनाथ प्याकुर्‍याल

श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४८।१२।१२ को निर्णयानुसार श्री कृष्णप्रसाद सापकोटाले जिल्ला सरकारी वकिल कार्यालय, तनहुंको नेपाल न्याय सेवा, राज-पत्राङ्कित तृतीय श्रेणीको जिल्ला न्यायाधिवक्ता पदबाट दिनु भएको राजीनामा मिति २०४८।१२।१६ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,

जयप्रकाशमान सिंह मास्के

उप-सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।